# ऐसेलुखर्क गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## ऐसेलुखर्क, खोटाङ

## १ नं प्रदेश, नेपाल

### कृषि तथा पशु पालन औजार खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(पहिलो पटक प्रकाशन मिति : (२०७७/१२/०२ गते)**

१) यस ऐसेलुखर्क गाउँपालिकाको कृषि तथा पशु पालन सम्बन्धि औजार खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोले इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित इजाजत प्राप्त फर्म/कम्पनीले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसारको तपसिलमा उल्लेखित दरभाउपत्र दस्तुर वापतका रकम रु. १००० (पछि फिर्ता नहुने गरी) ऐसेलुखर्क, खोटाङ स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. २३३०१००३०१०१०००२ [Aiselukharka GA.PA.(GA.1.1)] मा बुझाएको सक्कलै भौचर साथ निवेदन पेश गरेपछी नियमानुसार दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ ।

४) दरभाउपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नाममा रहेका ऐसेलुखर्क स्थित राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. २३३०१००३०३०१०००२ [Aiselukharka GA.PA.(GA.3)Dharauti Khata] मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा सिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रीत नपुगेका र म्याद नाघि आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । सिलबन्दी दरभाउपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीका लागी कार्यालय समयमा प्रशासन शाखा, वा वेभसाइट www.aiselukharkamun.gov.np मा सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं. | विवरण | लगत इष्टिमेट (मु.अ. कर सहित) रु. | जमानत रकम रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| ARM-KH0-06/2077/78/SQ | कृषि तथा पशु पालन औजार खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र | १०,००,०००/- | २५,०००/- | १०००/- |

प्रमुख प्रशासकीय अधिकृत